# विपद व्यवस्थापन कार्यका लागि आवश्यक उपकरणको दररेट उपलब्ध गराउने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०६/१६**

**ठेक्का न : ARM/WORKS/DM/2083/084-02**

मनसूनजन्य विपदका कारण हुन सक्ने सम्भावित क्षति कम गरी विपद व्यवस्थापन(सडक संचालन तथा बस्ती संरक्षण)को कार्य गर्न तपसिलका शर्तहरुको अधिनमा रही हुने गरी तपसिलको स्पेशिफिकेशन अनुसारका देहायका उपकरणहरु भाडामा (सम्पूर्ण व्यबस्थापन सहित) आवश्यक परेको हुँदा इच्छुक निर्माण व्यवसायीले व्यवसाय दर्ताको प्रमाणपत्र, कर चुक्ताको प्रमाणपत्र, प्यान/भ्याट दर्ता लगायतका आवश्यक कागजात सहित मिति २०८३/०६/२३ गते दिउसो १२ बजे भित्र दररेट उपलब्ध गराइदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिल:</u>

१. प्रस्ताव पेश गर्ने निर्माण व्यवसायीहरुले दुवै मेसिनको छुट्टाछुट्टै दररेट पेश गर्नुपर्नेछ। दुवै मेसिनको न्यूनतम दर रेट भएको निर्माण व्यासायी / फर्म / कम्पनीको प्रस्ताव सारभूत रुपमा प्रभावग्राही मानि स्वीकृत गरिनेछ । सो नभएको खण्डमा पेश हुन आएका प्रस्तावदाता मध्ये Backhoe Excavator (Wheeled) with breaker र Excavator with breaker को न्यूनतम दर रेट कवोल गर्ने एक वा फरक निर्माण व्यासायी / फर्म / कम्पनीको दर रेट स्वीकृत गरिनेछ । कम्तिमा ३ वटा निर्माण व्यासायी / फर्म / कम्पनीवाट दर रेट प्राप्त नभएमा पुन सुचना प्रकाशन गरिनेछ ।

२. सम्झौता पश्चात निर्माण व्यवसायीले कबोल गरेको न्यूनतम दररेटको आधारमा गाउँपालिकाले उपलब्ध गराएको फारममा सम्वन्धित वडा समितिको सिफारिस , वडा अध्यक्ष र वडा प्राविधिक (साइट इन्चार्ज) ले प्रमाणित गरेको घण्टाको आधारमा प्रत्येक महिना बिल उपलब्ध हुने छ । प्रत्यक दिनको लगसिट वडा अध्यक्ष , वडा प्राविधिक र निर्माण व्यवसायी बाट प्रमाणित गर्नुपर्नेछ ।

३. वडाहरुमा सरसफाई कार्य सुरु गर्न अगाडी गाउँपालिकाबाट लिखित कायदिश लिनुपर्नेछ ।

४. इच्छुक निर्माण व्यवसायीले सम्झौत्ता देखि मङ्सिर १५ सम्म उल्लेख गरिएका उपकरण कार्यालयले खोजेका बखत तत्काल उपलब्ध गराउन सक्ने गरी तयारी अवस्थामा राख्नु पर्नेछ ।

५. विपद व्यवस्थापनको कार्य गाउँपालिका क्षेत्र भित्र ११ वटै वडामा तोकिएको समय र स्थानमा गर्नुपर्नेछ । उपकरण परिचालन समय गणना एक तर्फी (आधार बिन्दु बाट) मात्र गणना हुने छ ।

६. इच्छुक निर्माण व्यवसायीले पांच (५) थान Backhoe Excavator (Wheeled) र एक(१) वटा Tracked Excavator (१५० HP or above) तयारी अवस्थामा राखुपर्नेछ । दररेट पेश गर्न चाहने निर्माण व्यवसायीसँग कम्तिमा एकवटा Backhoe Excavator (Wheeled) आफ्नै नामको हुनुपर्नेछ ।उल्लेखित अन्य मेशिन कुनै निर्माण कम्पनी वा व्यवसायी समेतसँग भाडामा लिई आपूर्ति गर्न सक्नेछ । यसरी अन्य व्यवसायी वा फर्मबाट उपकरण भाडामा लिई सेवा दिने भएमा निवेदनसाथ भाडामा लेनदेन भएको सम्झौता पत्रको प्रतिलिपी संलग्न गर्नुपर्नेछ । यसरी एउटै फर्म वा कम्पनीबाट भाडामा लिएको एउटै उपकरण एक भन्दा बढी निर्माण व्यव्सायीले पेश गरेमा दुवै प्रस्ताव अस्वीकृत हुनेछन ।

२०८३।६।१६

चिरञ्जीवी कराल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

७. उपकरणका लागि आवश्यक पर्ने इन्धन, मर्मत संभारको खर्च, चालकको पारिश्रमिक तथा खाने बस्ने सबै व्यवस्था निर्माण व्यवसायी स्वयंले नै गर्नुपर्नेछ । यसका लागि गाउँपालिका समक्ष कुनै दावी गर्न पाइनेछैन ।

८. चालक र मेशिनको सुरक्षाको जिम्मेवारी सम्बन्धित निर्माण व्यवसायीको हुनेछ र विपद व्यवस्थापनको कार्य गर्दा कुनै दुर्घटना भई केही मानवीय तथा भौतिक क्षति भएमा सो को सम्पूर्ण जिम्मेवार स्वयं निर्माण व्यवसायी हुनेछ ।

९. दररेट पेश गर्ने फर्म तथा व्यवसायीले रु १,२५,००० ( अक्षरुपी एक लाख पच्चीस हजार रुपैयाँ मात्र) बराबरको रकम यस गाउँपालिकाको NIC ASIA बैंक लिमिटेडमा रहेको खाता नं 1-1-CA-051-227-85-2405 मा धरौटी जम्मा गर्नुपर्नेछ ।

१०. सबैभन्दा कम दररेट पेश गर्ने फर्म तथा व्यवसायीले रु २,५०,००० ( अक्षरुपी दुई लाख पचास हजार रुपैयाँ मात्र) को ३ महिना अवधिको कार्यसम्पादन जमानत राखेपछि मात्र सम्झौता गरिनेछ । निर्माण व्यवसायीले सम्झौता अवधिमा तोकिएको समयमा उपकरण उपलब्ध गराउन नसकेमा वा सन्तोषजनक काम गर्न नसकेमा निजसँग गरिएको यो सम्झौता रद्द गरी कार्यसम्पादन जमानत बापत राखेको रकमबाट विपद व्यवस्थापन कार्य गरिनेछ ।

११. नियमानुसार सूचना प्रकाशित भएको मितिले २०८३/०६/२३ गते कार्यालय समयभित्र दिउसो १२ बजे यस गाउ कार्यपालिकाको कार्यालयमा दररेट पेश गरी सक्नुपर्नेछ र यसरी दर्ता हुन आएका प्रस्तावपत्र २०८३/०६/२३ गते दिउसो १ बजे प्रस्तावपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । प्रस्तावपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि प्रस्तावपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन । उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

१२. म्याद नाघी आएको वा रीत नपुगेको वा कुनै शर्त राखी पेश भएको प्रस्तावपत्रलाई मान्यता दिईनेछैन ।

१३. खामबन्दी दररेटसाथ फर्म दर्ताको प्रमाणपत्र, सञ्चालकको नागरिकताको प्रमाणपत्र, स्थायी लेखा दर्ताको प्रमाणपत्र ,कर चुक्ताको प्रमाणपत्र र मेशिन सम्वन्धी सम्पूर्ण कागजात अनिवार्य पेश गर्नुपर्नेछ ।

१४. दररेट प्रस्ताव फाराम यस कार्यालयको वेबसाइट https://annapurnamunkaski.gov.np/ बाट download गर्न सकिनेछ ।

यस सूचनामा उल्लेखित शर्तहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

| क.स. | विवरण | परिमाण | स्पेशिफिकेशन | अधिकतम दर रेट प्रति घण्टा (VAT बाहेक) |
|---|---|---|---|---|
| १ | Backhoe Excavator (Wheeled) with breaker | ५ थान | Capacity: 90 HP or above | रु.३,०००.०० |
| २ | Excavator with breaker | १ थान | Capacity: 150 HP or above | रु ४९६१.०० |

# विपद् व्यवस्थापन कार्यका लागि आवश्यक उपकरणको दररेट प्रस्ताव फाराम

श्री अन्नपूर्ण गाउँपालिका ,
गाउँकार्यपालिकाको कार्यालय
माछापोखरी , कास्की ।

**विषय: दररेट पेश गरेको सम्बन्धमा (ठेक्का न : ARM/WORKS/DM/2083/084 -02 ) ।**

प्रस्तुत विषयमा मनसूनजन्य विपदका कारण हुन सक्ने सम्भावित क्षति कम गरी विपद् व्यवस्थापनको कार्य गर्न तपसिलका शर्तहरुको अधिनमा रही हुने गरी तपसिलको स्पेशिफिकेशन अनुसारका देहायका उपकरणको भाडामा (सम्पूर्ण व्यबस्थापन सहित) उपलब्ध गराउन मिति २०८३/०६/१६ गते प्रकाशित सूचना अनुसार दररेट पेश गर्न इच्छुक भएकोले रु १,२५,००० (एक लाख पच्चीस हजार रुपैया मात्र) धरौटी वापत जम्मा गरेको सक्कलै भौचर र अन्य आवश्यक कागजातहरु संलग्न गरी दररेट प्रस्ताव सिलबन्दी गरी पेश गरेको छु ।

| क.स. | मेसिनको बिवरण | परिमाण | स्पेशिफिकेशन | कबोल गरेको दररेट ( VAT बाहेक) (रू. /घण्टा) | |
|---|---|---|---|---|---|
| | | | | अंकमा | अक्षरमा |
| १ | Backhoe Loader (Wheeled) with breaker | ५ थान | Capacity: 90 HP or above | | |
| २ | Excavator with breaker | १ थान | Capacity: 150 HP or above | | |

प्रस्ताव पेश गर्ने फर्मको नाम :

हस्ताक्षर/छाप:

संचालकको नाम:

ठेगाना:

मिति:

सम्पर्क नं.:

CamScanner